## प्रस्ताव एवं निर्णयहरुः

२०७७।०७८-०१७।०१ गाउँपालिका स्थापना दिवश सम्बन्धमा।
२०७७।०७८-०१७।०२ छात्रवृत्तिको लागी सिफारिस सम्बन्धमा।
२०७७।०७८-०१७।०३ नदिजन्य पदार्थ विक्रि वितरण सम्बन्धमा।
२०७७।०७८-०१७।०४ विपद्  पिडित तथा सुरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राहीको सिफारिस सम्बन्धमा।
२०७७।०७८-०१७।०५ गाउँपालिकाभित्र शिक्षक दरबन्दी मिलान सम्बन्धमा।
२०७७।०७८-०१७।०६ नेलम्बो नेपालको सहकार्यमा दन्त शिविर सञ्चालन सम्बन्धमा।
२०७७।०७८-०१७।०७ व्यक्हो लोडर खरिदको बोलपत्र सम्बन्धमा।
२०७७।०७८-०१७।०८ सेवा करारमा कर्मचारी नियुक्ती सम्बन्धमा।
२०७७।०७८-०१७।०९ खानेपानी योजना सम्बन्धमा।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१७।०१**

प्रस्ताव नं २०७७।०७८-१७।०१ माथि छलफल गर्दा स्थापना दिवस मूल समारोह समितिले पेश गरेको कार्यक्रम प्रस्तावपत्र स्विकृत गरि सोको कार्यान्वियन भव्य र सभ्य बनाउन सबै जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरुलाइ खटाउने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१७।०२**

प्रस्ताव नं २०७७।०७८-१७।०२ माथि छलफल गर्दा रूपा गाउँपालिका कास्कीबाट मातृभूमी सम्मान पाल्पाली समाजको लागी सम्बन्धित वडा कार्यालयहरुको सिफारिसका आधारमा छात्रवृत्तीको लागी सिफारिस गर्ने तथा प्राविधिक शिक्षा तर्फ उच्च शिक्षा अध्ययन गर्न रूपाकोट रिसोर्टको आर्थिक सहयोगमा रु ४ लाखमात्र छात्रवृत्तिको लागी रूपा ७ निवासी छात्रा सुवेच्छा सुवेदीलाइ छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१७।०३**

प्रस्ताव नं २०७७।०७८-१७।०३ माथि छलफल गर्दा रूपा गाउँपालिकाको रयाले लामपाटा दोभान तालबेशी खोलाको नदिजन्य पदार्थ (रोडा, ग्राभेल) गाउँपालिका अध्यक्षसहितको प्राविधिक टोलीको स्थलगत अनुगमनका आधारमा हेर्दा करिव ४०१४ घनमिटर नदिजन्य पदार्थ रहेको प्राविधिक प्रतिवेदन प्राप्त भएकोले गाउँसभाको निर्णयअनुसारको राजश्व असुली गरी विक्रिवितरण अनुमती प्रदान गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१७।०४**

प्रस्ताव नं २०७७।०७८-१७।०४ माथि छलफल गर्दा विपद्को समयमा क्षति भएका व्यक्तिहरुको लगत सम्बन्धित वडा कार्यालयहरुबाट संकलन गरी सोको विवरण जिल्ला प्रशासन कार्यालय कास्कीमा प्रेषण गर्ने तथा सुरक्षित नागरिक आवासका लाभग्राहीहरुको सर्वेक्षण फारम भरी सोको विवरण प्रेषण गर्ने निर्णय गरियो।



रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०७७।०७८-१७।०५**
प्रस्ताव नं २०७७।०७८-१७।०५ माथि छलफल गर्दा सामाजिक विकास शाखाको निर्णयसहित प्रस्ताव पेश भएबमोजिम रूपा गाउँपालिकाभित्रका शिक्षक दरबन्दी मिलान गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१७।०६**
प्रस्ताव नं २०७७।०७८-१७।०६ माथि छलफल गर्दा रूपा गाउँपालिकामा नेलम्बो नेपाल नामको गैरसरकारी संस्थाबाट विद्यालय तहमा तथा गाउँपालिका स्तरमा दन्तरोग सम्बन्धि शिविर सञ्चालन गर्न अनुमति प्रदान गर्ने । मिति २०७७ फाल्गुण २२ गतेदेखी २०७७ फाल्गुण २८ गतेसम्म गाउँपालिकामा सञ्चालन गर्ने निशुल्क दन्त शिविरमा बिशेषज्ञ चिकित्सक सहित बढीमा ८ जनासम्मको टोलीलाइ शिविर अवधिभर खाने बस्ने व्यवस्था गाउँपालिकाको तर्फबाट व्यहोर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१७।०७**
प्रस्ताव नं २०७७।०७८-१७।०७ माथि छलफल गर्दा गाउँसभाको निर्णयअनुसार व्यक्हो लोडर खरिदको बोलपत्र आव्हान भएकोमा सबैभन्दा कम अंक कबोल गर्ने बोलपत्रदाताले बोलपत्र दस्तुरबापतको रकम गाउँपालिकाले तोकेको खातामा निर्धारित मितिमा जम्मा गरेको भनि आर्थिक प्रशासन शाखाबाट जानकारी प्राप्त भएकोले सम्बन्धित बोलपत्रदाताले पेश गरेको बोलपत्र थप मूल्याङ्कनका लागी मूल्याङ्कन समितिलाइ निर्देशन दिने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१७।०८**
प्रस्ताव नं २०७७।०७८-१७।०८ माथि छलफल गर्दा दरबन्दी स्विकृतीको लागी आगामी गाउँसभामा पेश गर्ने गरी २०७८ असार मसान्तसम्मको लागी कार्यालय सहयोगी पदमा मासिक रु १३५०० मात्र सेवा सुविधा प्राप्त गर्ने गरी निम्नानुसारका व्यक्तीहरुलाई सेवा करारमा नियुक्त गर्ने निर्णय गरियोः
निम्नः

क) रूपा गाउँपालिका वडा नं ३ को कार्यालयमा श्री सर्वती कुमाल रूपा ३ ।
ख) आधारभूत स्वास्थ्य केन्द्र स्यास्त्रीको लागी श्री चन्द्रकला कुँवर रूपा ३ ।
ग) आधारभूत स्वास्थ्य केन्द्र थुम्कीको लागी श्री सोविता आले रूपा ३ ।

साथै भुमी सम्बन्धी समस्या समाधान आयोगसँगको सम्झौता बमोजिम आवश्यक कर्मचारी दैनिक ज्यालदारी करारमा गाउँपालिकाको अदक्ष कामदारको दैनिक ज्यालाबापतको रकम सेवा सुविधा पाउने गरी निम्नानुसारका व्यक्तीहरुलाई सेवा करारमा नियुक्त गर्ने निर्णय गरियोः
निम्नः

क) श्री फारूकदिन मिया रुपा ६ कास्की ।
ख) श्री सुरेश गुरुङ रूपा ५ कास्की ।
ग) श्री विशाल थापा रूपा ४ कास्की ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१७।०९**

प्रस्ताव नं २०७७।०७८-१७।०९ माथि छलफल गर्दा रूपा गाउँपालिका २ कास्कीमा खमारे कुडुले पेलुङ्गा खानेपानी योजनामा खानेपानी शिर्षक तर्फबाट रु ४ लाखमात्र विनियोजन गरी तत्काल कार्यसूचारु गराउने निर्णय गरियो।

मिति २०७७ साल फाल्गुण १९ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

मितिः

रुपा गाउँपालिका कास्की

रूपा गाउँपालिका कास्की